जि.प्र.का. सप्तरी द.नं. ३२/०४८/०४९ स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३३ अंक २८३ २०८१ साल असार ४ गते मंगलबार (18 June 2024 Tuesday) मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र :* २ पृष्ठमा : कुन प्रदेशको कस्तो कर.. ३ पृष्ठमा : ट्याङ्कर चालक संघको हडताल.. ३ पृष्ठमा : भारतीय रेल दुर्घटनामा...

# समावेशी प्रमाणितका लागि निवेदन आवश्यक नपर्ने

# थप चार स्थानमा राष्ट्रिय परिचयपत्र विवरण दर्ता गराउन सकिने

**दैनिक समाचादाता**
**राजविराज, ३ असार ।**

जिल्ला प्रशासन कार्यालय सप्तरीले अब उपरान्त समावेशी प्रमाणितका लागि निवेदन आवश्यक नपर्ने जनाएको छ ।

प्रमुख जिल्ला अधिकारी मेखबहादुर मंग्रातीद्वारा आइतबार जारि सूचनामा सो कुरा उल्लेख गरिएको छ । सूचनामा समावेशी प्रमाणितको लागि आउने सेवाग्राहीहरुले निवेदन लेख्नु नपर्ने, वडा कार्यालयबाट प्राप्त सिफारिसमै निवेदनमै निवेदकको व्होरा जनाई सेवा दिइने व्यवस्था मिलाइएको जनाइएको छ ।

सूचनामा सेवालाई प्रभावकारी, नागरिकमैत्री र गुनासोरहित बनाई सेवाग्राहीमैत्री कार्यालयको रुपमा विकास गर्दै लैजाने प्रयोजनार्थ सो निवेदन आवश्यक नपर्ने उल्लेख छ ।

यस्तै सोही कार्यालयद्वारा सोमबार जारि अर्को सूचनामा आ.ब. २०८१/८२ को साउन महिनादेखी सामाजिक सुरक्षा



नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सप्तरी, राजविराज

**समावेशी प्रमाणितको लागि निवेदन आवश्यक नपर्ने सम्बन्धि जिल्ला प्रशासन कार्यालय सप्तरीको सूचना ।**

जिल्ला प्रशासन कार्यालय सप्तरीबाट प्रदान गरिने सेवालाई प्रभावकारी, नागरिकमैत्री र गुनासोरहित बनाई सेवाग्राहीमैत्री कार्यालयको रुपमा विकास गर्दै लैजाने प्रयोजनार्थ यस कार्यालयमा समाबेशी प्रमाणितको लागि आउने सेवाग्राहीहरुले निबेदन लेख्नु नपर्ने, वडा कार्यालयबाट प्राप्त सिफारिसमै निबेदनको व्यहोरा जनाई सेवा दिइने व्यवस्था मिलाइएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकासित गरिएको छ ।

२०८१।०३।०२
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सप्तरी, राजविराज
फोन : ०३१-५२०२६६, ०३१-५३०१०४
फ्याक्स : ०३१-५२०६२४
प.सं. :२०८०/०८१ (प्रशा.)
च.नं.

**स्थानीय तहमा खटिई राष्ट्रिय परिचयपत्र सेवा प्रवाह सम्बन्धी अत्यन्त जरुरी सूचना ।**

आगामी आ.व.२०८१/०८२ को श्रावण महिनाबाट यस जिल्लामा समाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुलाई राष्ट्रिय परिचयपत्र नम्बर अनिवार्य गरिएकोले यस कार्यालयबाट मात्र सेवा प्रवाह गर्दा सेवाग्राहीको चाप बढी भई सेवाप्रवाह गर्न कठिनाई भएकोले सेवाग्राहीको सहजताको लागि देहायका स्थानहरुबाट समेत राष्ट्रिय परिचयपत्र विवरण दर्ता गरिने भएकोले सम्बन्धित सेवाग्राहीहरुको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

| सि.नं. | सेवा प्रवाह हुने स्थान | सेवा प्रावह हुने स्थानीय तह | सेवा प्रवाह हुने मिति |
|---|---|---|---|
| १ | इलाका प्रशासन कार्यालय, बोदेबर्साइन | बोदेबर्साइन न.पा. खडक न.पा. डाक्नेश्वरी न.पा., बलान बिहुल गा.पा | २०८१।०३।४ देखि २०८१।०३।१० गते सम्म |
| २ | राजगढ गाउँपालिका | राजगढ गाउँपालिकाका सम्पूर्ण वडाहरु | २०८१।०३।५ देखि २०८१।०३।९ गते सम्म |
| ३ | तिलाठी कोइलाडी गाउँपालिका | तिलाठी कोइलाडी गाउँपालिकाका सम्पूर्ण वडाहरु | २०८१।०३।५ देखि २०८१।०३।९ गते सम्म |
| ४ | सुरुङ्गा नगरपालिका | सुरुङ्गा नगरपालिकाका सम्पूर्ण वडाहरु | २०८१।०३।६ देखि २०८१।०३।१० गते सम्म |

मिति:२०८१।०३।०३ गते

२०८१।०३।०३
सन्तोष राय
प्रशासकीय अधिकृत

भत्ता प्राप्त गर्ने लाभाग्राहीहरुलाई राष्ट्रिय परिचयपत्र नम्बर अनिवार्य गरिएकोले जिल्लाको थप चार स्थानबाट सो सेवा प्रवाह हुने व्यवस्था मिलाइएको जनाइएको छ ।

प्रशासकीय अधिकृत सन्तोष रायद्वारा जारि सूचनामा जिल्ला प्रशासन कार्यालय सप्तरीबाट मात्र सेवा प्रवाह गर्दा सेवाग्राहीको चाप बढी भई सेवाप्रवाह गर्न कठिनाई भएकोले सेवाग्राहीको सहजताका लागि इलाका प्रशासन कार्यालय बोदेबसाईन, राजगढ गाउँपालिका, तिलाठी कोइलाडी गाउँपालिका र सुरुङ्गा नगरपालिकामा राष्ट्रिय परिचयपत्र विवरण दर्ता गराउन सक्ने उल्लेख छ ।

बोदेबर्साइन नगरपालिका, खडक नगरपालिका, डाक्नेश्वरी नगरपालिका र बलान बिहुल गाउँपालिकाका सेवाग्राहीले असार ४ गतेदेखी असार १० गतेसम्म इलाका प्रशासन कार्यालय बोदेबर्साइनबाट राष्ट्रिय परिचयपत्र विवरण दर्ता गराउन सक्ने सूचना मार्फत जानकारी गराइएको छ ।

यस्तै राजगढ गाउँपालिकाका सम्पूर्ण वडाका वासीहरुले सोही पालिकाबाट तथा तिलाठी कोइलाडी गाउँपालिकाका सम्पूर्ण वडाका वासीहरुले असार ५ देखी ९ गतेसम्म सोही पालिकाबाट राष्ट्रिय परिचयपत्र विवरण दर्ता गराउन सक्ने जनाइएको छ भने सुरुङ्गा नगरपालिकाका सम्पूर्ण वडाका वासीहरुले असार ६ देखी १० गतेसम्म सोही पालिकाबाट राष्ट्रिय परिचयपत्र विवरण दर्ता गराउने सक्ने प्रावधान मिलाइएको प्रशासन कार्यालयबाट जारि सूचनामा उल्लेख छ ।

## सासु भत्ताका लागि राष्ट्रिय परिचयपत्र अनिवार्य हुनुपर्ने निर्णयविरुद्ध रिट

काठमाडौं, ३ असार (रासस) ।

सामाजिक सुरक्षा भत्ता लिन राष्ट्रिय परिचयपत्र अनिवार्य हुनुपर्ने सरकारको निर्णयविरुद्धमा आइतबार सर्वोच्च अदालतमा रिट निवेदन दायर गरिएको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र गृह मन्त्रालयलाई विपक्षी बनाई अधिवक्ता विमल पोखरेलले दायर गरेको रिट निवेदनमा राष्ट्रिय परिचयपत्र अनिवार्य गर्दा नवीकरण हुन नसकी सामाजिक सुरक्षा भत्ताबाट ठूलो सङ्ख्यामा लक्षित समूह वञ्चित हुने उल्लेख गरिएको छ ।

मन्त्रिपरिषद्को बैठकले गत जेठ २४ गते सामाजिक सुरक्षा वितरण गर्न २८ जिल्लामा राष्ट्रिय परिचयपत्र अनिवार्य हुनुपर्ने निर्णय गरेको थियो । सरकारले जिल्ला प्रशासन कार्यालय र ५४ वटा इलाका प्रशासन कार्यालयबाट मात्रै राष्ट्रिय परिचयपत्रको विवरण सङ्कलन गर्ने निर्णय गरेपछि वृद्धालाई यो निर्णय असहज भएको रिट निवेदनमा छ ।

रिट निवेदनमा बाढी पहिरोको समयमा यातायातको साधन नचल्ने, पहाडी र दुर्गम क्षेत्रका

*बाँकी तीन पृष्ठमा*

## मधेस प्रदेशमा कृषि विद्युतीकरण कार्य अगाडि बढाउन छलफल

गोदार (धनुषा), ३ असार (रासस) ।

मधेस प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले मधेस प्रदेशका आठवटै जिल्लामा कृषि विद्युतीकरणको काम अगाडि बढाउन छलफल सुरु गर्नुभएको छ ।

उहाँले आइतबार नेपाल विद्युत् प्राधिकरणका मधेस प्रदेश प्रमुख मोनिन्द्र ठाकुरलगायतसँग यस विषयमा छलफल गर्नुभएको हो । किसानलाई सिँचाइको सुविधा सहज बनाउन खेतमा विद्युत् पुऱ्याउने लक्ष्यअनुरुप मुख्यमन्त्री सिंहले छलफल अगाडि बढाउनुभएको उहाँको निजी सचिवालयले जनाएको छ ।

प्रदेश सरकारले ल्याएको आगामी आर्थिक वर्षको बजेटमा पनि कृषि विद्युतीकरणलाई प्रदेशको गौरवको परियोजनाको रूपमा समावेश गरिएको छ । आठवटै जिल्लाका प्रत्येक निर्वाचन क्षेत्रमा विद्युतीकरणका लागि रु एक करोड विनियोजन गरिएका बारे मुख्यमन्त्रीले जानकारीसमेत गराउनुभएको विद्युत् प्राधिकरणका मधेस प्रदेश प्रमुख ठाकुरले बताउनुभयो । उहाँले भन्नुभयो, "मुख्यमन्त्रीले किसानका लागि कृषि विद्युतीकरणको कार्य कसरी अगाडि बढाउन सकिन्छ भन्ने विषयमा राय लिनुभयो । पुराना अव्यवस्थित तार र संरचनालाई व्यवस्थापन गर्न पनि ध्यानाकर्षण गराउनुभएको छ ।"

यसैगरी बिजुली बत्ती नपुगेका विपन्न बस्तीको तथ्याङ्क सङ्कलन गरी त्यहाँ विद्युत् पुगाउने विषयमा पनि छलफल भएको थियो । मुख्यमन्त्री सिंहले यहाँका विपन्न घरपरिवारलाई निःशुल्क विद्युत् मिटर उपलब्ध गराउन राखेको प्रस्तावमा प्राधिकरण सकारात्मक भएको प्रमुख ठाकुरले बताउनुभयो ।

## राष्ट्रिय महाधिवेशनले संघीयता विरोधीलाई जवाफ दिएको छ : अध्यक्ष यादव

**दैनिक समाचारदाता**
**जनकपुर, ३ असार ।**

जनता समाजवादी पार्टी नेपालका राष्ट्रिय अध्यक्ष उपेन्द्र यादवले जनकपुरधाममा सम्पन्न एकताको राष्ट्रिय महाधिवेशनले सङ्घीयता विरोधीलाई जवाफ दिएको बताएका छन् ।

महाधिवेशनबाट निर्विरोध निर्वाचित अध्यक्ष यादवको सम्मानमा जसपा धनुषाले आयोजन गरेको सम्मान कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष यादवले महाधिवेशनको उद्घाटन सत्रमा उपस्थित भीडले आफूलाई उत्साही बनाएको बताए ।

सङ्घीयता पक्षधर मधेसी, आदिवासी, जनजाति, महिला, मुस्लिमलगायतका शक्ति एकजुट रहेको सन्देश जनकपुर महाधिवेशनले दिएको उल्लेख गर्दै अध्यक्ष यादवले मौसमको प्रतिकूलताका बीच पनि समर्थकको अपार उपस्थितिले जनतासँग जसपा र जसपासँग जनता रहेको पुष्टि

*बाँकी अन्तिम पृष्ठमा*


## बाइढस' बचै खातिर सावधानी अपनाबू

१. गरगहना, कागजपत्र, दवाइ, जग्गाधनी पुर्जा, नागरिक्ता, पैसा टका ईत्यादि निकस' राखू ।
२. पाइनके निकास व्यवस्थित करु, उँच स्थानमे जायवाला सुरक्षित रास्ता आ आश्रय स्थल पहिचान पहिनै करु ।
३. आपत्कालिन सम्पर्कके लेल वाड अध्यक्ष, स्थानीय आपत्कालिन कार्य सञ्चालन केन्द्र, विपद् व्यवस्थापन समिति, पुलिस, स्वास्थ्य कार्यकर्ता आ एम्बुलेन्सके मोवाइल नम्बर राखू ।
४. जल तथा मौसम विज्ञान विभागके मनसून बुलेटिन एवम् आपतकालिन सूचनाके विषयमे जानकारी राखू ।
५. अपन घर, टोलपडोस तथा समुदायसङ्गे सुरक्षित निकास, आश्रय स्थल तथा विपद् प्रतिकार्यके लेल तैयारी रहू ।
६. बाइढके विषयमे पूर्व सूचना हेतु निःशुल्क नम्बर ११५५, ११९४ आ आपत्कालिन उद्धार तथा सुरक्षाके लेल १०० मे सम्पर्क करु ।
७. पूर्व सावधानी अपनाके बाइढस' होयबाला क्षतिस' अपनो बचू आ दोसरोके बचाबू ।



मधेश प्रदेश सरकार
आमसञ्चार प्राधिकरण

## सम्पादकीय

### कारागारको अतिक्रमित जग्गाप्रति पहल आवश्यक

राजविराजस्थित कारागारको अतिक्रमित जग्गा अझै खाली हुन सकेको छैन् । विगत लामो समयदेखी कारागारको आफ्नै जग्गा स्थानीयहरुले अतिक्रमण गरे घर, टहरा बनाएर बस्दै आएका छन् । जसले गर्दा कारागारलाई भौतिक तथा सुरक्षाको अभाव देखिएको छ । कारागारको झण्डै तीन विगहा जग्गा मध्ये आधा जति जग्गा अतिक्रमण भएको हो । यसका लागि स्थानीय प्रशासनले झण्डै १० महिना अघि अतिक्रमित जग्गा खाली गराउन एक महिने सूचना समेत जारि गरेको थियो । यसअघि पनि जग्गा खाली गराउने नाउँमा सूचना जारि भएपनि अझै जग्गा खाली गर्न सकिएको छैन् ।

लामो समयदेखी जिर्ण भवनको समस्याले कारागार आफै समस्यामा छ । कारागार जिर्ण हुनुका साथै साँगुरो ठाउका कारण कैदीबन्दीहरु कोचिकोचि बस्न बाध्य छन् । एक सय २५ कैदीबन्दी राखिने क्षमता रहेको यस कारागारमा हाल ३ सय भन्दा बढी कैदीबन्दीहरु रहेका छन् ।

तसर्थ अतिक्रमित जग्गासँगै कैदीबन्दीहरुले भोगीरहेका समस्याहरुप्रति स्थानीय प्रशासनको गम्भिर ध्यानाकर्षण हुनुपर्छ । यसका लागि स्थानीय प्रशासनका साथै स्थानीय वडा र पालिकासमेतको समन्वय आवश्यक छ ।

**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

**डा. सन्तोष प्रसाद शाह**
**Dr. Santosh Prasad Sah**
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
**कन्सलटेन्ट फिजिसियन**

**डा. सरोज कुमार साह**
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

**डा. जयन्ती यादव**
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# कुन प्रदेशको कस्तो कर नीति ?

काठमाडौँ, ३ असार (रासस) ।

सबै प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८१/८२ को बजेट प्रदेशसभामा प्रस्तुत गरिसकेका छन् । प्रदेशहरूले विनियोजन विधेयक तथा आर्थिक विधेयकमार्फत करका विभिन्न सहुलियत तथा नयाँ व्यवस्था ल्याएका छन् ।

प्रदेशको एकल तथा साझा अधिकार क्षेत्रभित्र रहेका विज्ञापन कर, मनोरञ्जन कर, ढुङ्गा, गिट्टी, बालुवालगायतका विभिन्न क्षेत्र लाग्दै आएका करका दरहरू केहिले परिमार्जन गरेका छन् भने केहिले यथावत् राखेका छन् । सवारी साधन दर्ता तथा नवीकरण, उद्योग दर्ता तथा नवीरकणलगायतका विभिन्न शूल्कमा भएको परिवर्तन र प्रदेशहरूले आगामी आर्थिक वर्षको बजेटमार्फत् तय गरेका राजस्व नीतिबारे राससले समीक्षा गरेको छ ।

**कोशी प्रदेश**

कोशी प्रदेशले राजस्वसम्बन्धी गरेको नयाँ व्यवस्थाअनुसार निजी सवारी साधनधनीले चाहेमा लाग्ने सवारी साधन कर पाँच वर्षसम्मका लागि एकमुष्ठ रुपमा बुझाई नवीकरण गर्न सक्नेछन् । अन्य प्रदेशको सरुवा सहमतिबाट यस प्रदेशमा दर्ता भएका सवारी साधनहरूलाई लाग्ने सवारी साधन करमा ५० प्रतिशत छुट दिने व्यवस्थालाई निरन्तरता दिइएको छ ।

प्रदेशभित्रका सिमेन्ट तथा इँटा, कङ्क्रिट ब्लक उद्योग, नदीजन्य पदार्थ प्रशोधन उद्योगमा वातावरण तथा औद्योगीकरण व्यवस्थापन दस्तुर लगाइएको छ । विगतका आर्थिक वर्षको सङ्कलित मनोरञ्जन कर एकमुष्ठ बुझाउँदा सोमा लाग्ने ब्याज छुटको व्यवस्था कोशी प्रदेशले बजेटमा व्यवस्था गरिएको छ ।

प्रदेश सरकार र स्थानीय तहबाट पर्यटकीय पूर्वाधार निर्माण भई समिति वा अन्य सङ्गठित संस्थाबाट सञ्चालनमा रहेका पर्यटकीयस्थलबाट उठ्ने रकमको २० प्रतिशत सम्बन्धित स्थानीय तहको विभाज्य कोषमा जम्मा गर्ने व्यवस्था ल्याइएको छ । कोशी प्रदेश सरकारअन्तर्गतका निकाय र स्थानीय तहका सरकारी निकाय लगायतका अन्य निकायले आफ्नो कार्यसँग सम्बन्धित कुनै विज्ञापन, सूचनाको प्रसारण वा प्रकाशन गर्दा लाग्ने रकम सम्बन्धित सञ्चारमाध्यम वा विज्ञापन एजेन्सीलाई भुक्तानी गर्दा तीन प्रतिशतका दरले विज्ञापन कर कट्टा गरी स्थानीय तहको विभाज्य कोषमा दाखिला गर्नुपर्ने व्यवस्था ल्याइएको छ ।

यसैगरी, ट्राफिक नियम उल्लङ्घन गरेबापत हुने दण्ड जरिवानाबापतको रकम कोशी प्रदेशभित्रका ट्राफिक प्रहरी कार्यालयले प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा एकाइ कार्यालयमार्फत प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था बजेटमा राखिएको छ । कोशी प्रदेशले राजस्व व्यवस्थापनलाई थप प्रभावकारी बनाई आन्तरिक आय अभिवृद्धि गर्नका लागि आगामी आर्थिक वर्षमा कोशी प्रदेश कर तथा गैरकर ऐन, २०७५ लाई प्रतिस्थापन गर्न नयाँ ऐन तर्जुमा गर्ने नीति लिएको छबसि । आन्तरिक राजस्व सम्भाव्यता अध्ययन प्रतिवेदनलाई प्रभावकारी कार्यान्वयनका लागि राजस्व सुधार कार्ययोजना तर्जुमा गरी नीतिहरूको कार्यान्वयन गरिने पनि बजेट वक्तव्यमा उल्लेख छ ।

**मधेस प्रदेश**

मधेस प्रदेशका अर्थमन्त्री भरतप्रसाद शाहले प्रदेशसभा बैठकमा प्रस्तुत गर्नुभएको आगामी आर्थिक वर्षको बजेट वक्तव्यमा राजस्व प्रशासन सुदृढीकरण गरी कर तथा गैर कर चुहावट न्यूनीकरण गरिने गर्ने व्यवस्था मिलाइने उल्लेख छ । त्यस्तै, उक्त प्रदेशको राजस्व अभिवृद्धिका लागि गरिएको अध्ययन अनुसन्धान प्रतिवेदनको सुझावहरूलाई प्राथमिकता निर्धारण गरी क्रमशः कार्यान्वयन गर्ने व्यवस्था मिलाएको जनाइएको छ ।

**बागमती प्रदेश**

बागमती प्रदेशभित्र दर्ता भई २० वर्ष वा सोभन्दा बढी अवधि पूरा भएका सार्वजनिक सवारी साधनका धनीले आफ्नो सवारी साधनको दर्ता खारेज गराउन चाहेमा २०८१ पुस मसान्तसम्म २० वर्ष अवधिसम्मको तिर्न बुझाउन बाँकी सवारी साधन कर र नवीकरण दस्तुर बुझाएमा जरिवानामा ८० प्रतिशत छुट हुनेछ ।

सांस्कृतिक प्रदर्शन हल, कन्सर्ट, विष्टर/नाटकघर, दोहोरी साँझ, डान्सबार, नाइट क्लब, क्यासिनो, पार्क प्रवेश, फुटसल, स्वीमिङ पल, जिपलाइन, स्वीड, आकाशे सीसाको पुल, बन्जी जम्पलगायतको कर परिमार्जन गरिएको छ ।

व्यावसायिक फर्म दर्ता गरी नवीकरण नगरेका उद्योग, निजी र साझेदारी फर्म तथा व्यवसायले पछिल्लो तीन आर्थिक वर्षको नवीकरण दस्तुर र जरिवाना रकम आगामी पुस मसान्तभित्र दाखिला गरेमा सोभन्दा अगाडिका वर्षहरूमा दाखिला गर्नुपर्ने जरिवाना मिनाहा गरी नवीकरण दस्तुरमा ५० प्रतिशत छुट दिइने व्यवस्था बागमती प्रदेशले बजेतमार्फत ल्याएको छ ।

प्रदेशको आन्तरिक स्रोत परिचालनलाई दिगो र भरपर्दो बनाउन आय परिचालनका थप क्षेत्र पहिचान गर्ने तथा प्रदेशको स्रोत परिचालन सम्बन्धमा अध्ययन गरी सुझाव पेस गर्न विज्ञसहितको कार्यदल गठन गरिने पनि बजेट वक्तव्यमा उल्लेख छ । त्यस्तै, प्रदेश सरकारको एकल अधिकार क्षेत्रभित्र रहेको कृषि आयमा लाग्ने करको क्षेत्र तथा आधार निर्धारण गर्ने सम्बन्धमा अध्ययन गरिने विषय बागमती प्रदेशको बजेट वक्तव्यमा राखिएको छ ।

**गण्डकी प्रदेश**

गण्डकी प्रदेश सरकारले भूमि सुधार/मालपोत कार्यालयबाट मानो जोडिएकोमा लाग्ने लिखतबापतको शुल्कलाई समायोजन गरेको छ । भूमि सुधार/मालपोत कार्यालयबाट जग्गाधनी र मोहीबीच जग्गा बाँडफाँट भई दाखिल खारेज हुन आउँदा लाग्ने सेवा शुल्कलाई समायोजन गरी सेवा शुल्क नलाग्ने व्यवस्था गरिएको छ ।

सार्वजनिक बस, मिनिबस तथा माइक्रोबसमा ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिलाई छुट दिने व्यवस्था बजेटमा राखिएको छ । यस्तो छुट सहुलियत दिएबापत त्यस्ता सवारी साधनकाधनीलाई सवारी साधन करमा ६० प्रतिशत छुट दिने व्यवस्था ल्याइएको छ ।

गण्डकी प्रदेशको राजस्व परिचालनका लागि आर्थिक मामिला मन्त्रालयअन्तर्गत प्रदेश राजस्व व्यवस्थापन कार्यालय स्थापना गर्न आवश्यक तयारी गरिने बजेट वक्तव्यमा उल्लेख छ । त्यसैगरी, शैक्षिक परामर्श सेवा, पूर्वतयारी कक्षा र भाषा सिकाइ केन्द्रको अनुमति तथा नवीकरण शुल्क जिल्लास्थित पर्यटन तथा उद्योग कार्यालयबाट हुँदै आएकोमा आगामी आवदेखि त्यस्तो कार्य जिल्लास्थित सामाजिक विकास कार्यालयले गर्ने व्यवस्था गण्डकी प्रदेशको बजेटमा राखिएको छ ।

**लुम्बिनी प्रदेश**

लुम्बिनी प्रदेश सरकारबाट विभिन्न व्यक्ति, समूह, संस्थालगायतलाई नगद अनुदान उपलब्ध गराउँदा निश्चित सीमासम्मको अनुदानमा छुट दिने र सो सीमाभन्दा बढीमा न्यून दरमा सेवा शुल्क लगाई असुल गरिने बजेट वक्तव्यमा उल्लेख छ । प्रदेशको एकल अधिकार क्षेत्रभित्र रहेको कृषि आयमा लाग्ने करका दरहरू घटाइएको छ । प्रदेशभित्र सवारी साधनसम्बन्धी दण्ड जरिवानाबापतको रकम प्रदेश सञ्चित कोषमा जम्मा हुने व्यवस्था ल्याइएको छ । यातायात व्यवस्था कार्यालयबाट सङ्कलन हुँदै आएको टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सामा लाग्ने सवारी साधन कर आगामी आर्थिक वर्षदेखि सम्बन्धित स्थानीय तह आफैँले उठाउने व्यवस्था लुम्बिनी प्रदेशको बजेटमा राखिएको छ ।

यसअघि अन्य प्रदेश वा प्रदेशभित्रका अन्य कार्यालयमा सवारी साधन लैजाँदा सरुवा सहमती दस्तुर लाग्दै आएकोमा यस्तो दस्तुर नलाग्ने व्यवस्था ल्याइएको छ । त्यसैगरी, प्रदेशभित्र इजाजतपत्र नलिएका वा नवीकरण नगरी सञ्चालनमा रहेका पर्यटन व्यवसायलाई एक पटकका लागि न्यून शुल्कमा इजाजतपत्र प्राप्त गर्न वा नवीकरण गर्न सक्ने मिलाउनुका अतिरिक्त निजी तथा साझेदारी फर्मलाई विवरण बुझाउँदा लाग्ने तथा शुल्कमा छुट दिने व्यवस्था बजेटमा राखिएको छ ।

**कर्णाली प्रदेश**

कर्णाली प्रदेशको राजस्व परिचालनको सम्भाव्यताको आँकलन तथा अध्ययन गरी सुझाव दिन एक अध्ययन सुझाव कार्यदल गठन गरिने बजेट वक्तव्यमा उल्लेख छ । प्रदेश र स्थानीय तहको साझा अधिकारअन्तर्गत स्थानीय तहबाट सङ्कलन भई प्रदेशमा बाँडफाँटमार्फत प्राप्त हुने राजस्वलाई अनुमानयोग्य, स्वचालित र व्यवस्थित बनाउने उल्लेख छ ।

कृषि प्रयोजनका लागि दुई वा दुईभन्दा बढी व्यक्तिले आपसी सहमतिमा जग्गाको चक्लाबन्दी गर्न उद्योगको नाममा लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेसन शुल्कमा ७५ प्रतिशत छुट दिने व्यवस्था ल्याइएको

*बाँकी तीन पृष्ठमा*

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थ देखि टाढा रहौं ।

**अनुरोधकर्ता**
**तिरहुत गाउँपालिका**
**गाउँ कार्यापालिकाको कार्यालय**
सप्तरी, मधेश प्रदेश

# ट्याङ्कर चालक संघको हडताल फिर्ता

काठमाडौँ, ३ असार (रासस)।

सरकारसँग चारबुँदे सहमतिपछि आन्दोलनरत नेपाल पेट्रोलियम ट्याङ्कर चालक सङ्घको आन्दोलन फिर्ता भएको छ।

सोमबार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयमा दुई पक्षबीच भएको वार्तामा चारबुँदे सहमति भएको छ। बजारमा सोमबारैदेखि इन्धनको सहज आपूर्ति हुने नेपाल आयल निगमका प्रवक्ता मनोज ठाकुरले जानकारी दिनुभयो।

आयल निगमका सञ्चालक समिति अध्यक्ष तथा वाणिज्य सचिव दिनेशकुमार घिमिरेको रोहवरमा भएको वार्तामा सहमति जुटेको हो। सहमतिपत्रमा निगमका कार्यकारी निर्देशक डा चण्डिकाप्रसाद भट्ट र सङ्घका अध्यक्ष ईश्वर लामाले हस्ताक्षर गर्नुभयो।

नेपाल पेट्रोलियम ट्याङ्कर चालक सङ्घको सातबुँदे मागलगायत यस क्षेत्रमा देखापरेका समस्याको समाधान गर्ने गरी १५ दिनभित्र प्रतिवेदन पेस गर्न निगमका नायब कार्यकारी निर्देशकको संयोजकत्वमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका प्रतिनिधि तथा नेपाल पेट्रोलियम ट्याङ्कर चालक सङ्घ, नेपाल यातायात स्वतन्त्र मजदुर सङ्गठन र अखिल नेपाल पेट्रोलियम तथा ग्यास श्रमिक सङ्घका प्रतिनिधित्व हुने गरी एक उपसमिति गठन गर्ने सहमति भएको छ।

नेपाल आयल निगमले व्यवसायीहरूलाई दिँदै आएको पारिश्रमिक र सुविधा ट्याङ्कर चालक/सहचालक तथा यस क्षेत्रमा कार्यरत श्रमिकलाई उपलब्ध गराउने प्रतिबद्धता व्यवसायीले गर्नेगरी सहमति भएको छ।

हाललाई आन्दोलनका सबै कार्यक्रम फिर्ता लिने र उपभोक्ताको हितलाई ध्यानमा राखी पेट्रोलियम पदार्थको सहज ढुवानी गर्ने सहमति भएको छ। विद्यमान कानुनी व्यवस्थाहरूको पालना सम्बन्धमा नियमित अनुगमन गर्ने विषयमा पनि दुई पक्ष सहमत भएका छन्।

नेपाल पेट्रोलियम ट्याङ्कर चालक सङ्घले विभिन्न सातबुँदे माग राख्दै अत्यावश्यक पेट्रोलियम पदार्थको ढुवानीमा हडताल गरेपछि आइतबारदेखि उपत्यकाका पेट्रोलपम्पहरूमा डिजेल तथा पेट्रोल अभाव देखिएको थियो। इन्धन सहज आपूर्ति रोकिएसँगै पेट्रोल पम्पहरूमा सवारी साधनको लाइन लागेको थियो।

आवश्यक सेवा सञ्चालन ऐन २०१४ तथा आवश्यक पदार्थ नियन्त्रण (अधिकार) ऐन २०१७ ले पेट्रोलियम पदार्थलाई अत्यावश्यक सेवाभित्र राखेको छभने यी सेवामा बन्द तथा हडताल गर्न वर्जित छ, तर चालकहरू विद्यमान कानुनी व्यवस्थाको उल्लङ्घन गर्दै आन्दोलनमा उत्रिएका थिए।

## *कुन प्रदेशको ...*

छ। कर्णाली प्रदेशभित्र सुर्ती र मदिराजन्यबाहेकका उत्पादनमूलक उद्योग स्थापना तथा सञ्चालन गर्न उद्योगको नाममा खरिद गर्ने जग्गाको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेसन शुल्क शतप्रतिशत छुट दिइएको छ। आर्थिक वर्ष २०७६/७७ भन्दा अगाडिको सवारी साधन कर बुझाउन छुट भएका सवारी साधन धनीले आव २०८०/८१ सम्मको सवारी साधन कर २०८१ चैत्र मसान्तसम्म दाखिला गरेमा आर्थिक वर्ष २०७६/७७ भन्दा अगाडिको सवारी साधन करमा लाग्ने जरिवाना रकम छुट हुने व्यवस्था ल्याइएको छ।

**सुदूरपश्चिम प्रदेश**

सुदूरपश्चिम सरकारले घरजग्गा रजिस्ट्रेसनतर्फको सेवा शुल्क बढाएको छ। स्रोत, साधन, प्रविधि तथा जनशक्ति व्यवस्थापन एवं कानुनी व्यवस्था भई नसकेका स्थानीय तहहरूको हकमा टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सामा प्रदेश सरकारले कर लगाउने तथा उठाउने व्यवस्था गरी त्यस्तो सङ्कलित करको बाँडफाँट गर्ने व्यवस्था बजेटमा राखिएको छ।

त्यस्तै, सवारी साधन कर, दस्तुर र शुल्कमा केही संशोधन गरिएको छ। प्रदेशभित्र विद्युतीय सूचना प्रणालीमा आधारित राइड सेयरिङ एपमार्फत सार्वजनिक सवारी साधन प्रयोग गरी सेवा दिने संस्थाको दर्ता तथा नवीकरण र दुई पाङ्ग्रे सार्वजनिक सवारी साधन करसम्बन्धी नयाँ व्यवस्था ल्याइएको छ।

कम्तीमा पाँच वर्ष वा सोभन्दा बढी अवधिसम्म नियमानुसार बुझाउनुपर्ने सवारी साधन कर नबुझाएका र नवीकरण नगरेका सवारी साधनको हकमा सवारी साधन कर तथा नवीकरणको जरिवानामा ५० प्रतिशत छुट दिने व्यवस्था गरिएको छ। सामुदायिक तथा साझेदारी वनको आन्तरिक तथा बाह्य बिक्री वितरणबाट हुने आम्दानीमा लाग्ने बिक्री शुल्कलाई क्रमशः १० र २५ प्रतिशत कायम गरिएको छ। प्रदेशका निजी तथा साझेदारी व्यवसायलाई औपचारिक अर्थतन्त्रको परिधिमा ल्याउन प्रोत्साहन गर्दै दर्ता तथा नवीकरण दस्तुरलाई घटाइएको छ। नवीकरणको म्याद समाप्त भई पाँच वर्ष नाघिसकेका व्यवसायीहरू नवीकरण गर्न आएमा जरिवानाको १० प्रतिशत मात्र लिने विशेष व्यवस्था सुदूरपश्चिम प्रदेशले ल्याएको छ।

## *सासु भत्ताका लागि ...*

वृद्धवृद्धा जिल्ला सदरमुकाम र इलाका प्रशासन कार्यालय आउन सम्भव पनि नभएकाले राष्ट्रिय परिचयपत्र अनिवार्य गर्ने कार्यमा तत्कालै रोक लगाउन माग गरिएको छ।

राष्ट्रिय परिचयपत्र बनाउँदा आफैँ उपस्थित भई बायोमेट्रिक अनिवार्य गर्नुपर्ने व्यवस्था भएकाले धेरै वृद्धवृद्धा रोगी, हिँडडुल गर्न नसक्ने, एकल भएको, छोराछोरी विदेश वा सहरमा हुने र घरमा वृद्धवृद्धा मात्रै बसोबास गर्ने हुनाले जिल्ला प्रशासन कार्यालय वा इलाका प्रशासन कार्यालयमा पुग्न सम्भव नभएको समेत रिट निवेदनमा उल्लेख गरिएको छ।

# बकर इद मनाइयो

**दैनिक समाचारदाता**
**राजविराज, ३ असार।**

मुस्लिम धर्मावलम्बीको दोस्रो महान् पर्व बकर इद (इदुल जोहा) सोमबार देशभरका मस्जिदमा मनाइएको छ।

इदुल फित्रअर्थात् रमजान पर्वको ७०औँ दिनमा बकर इद मनाउने धार्मिक विधि छ। मुस्लिम धर्मावलम्बीले सोमबार बिहानै स्नान गरी नजिकैको मस्जिद वा इदगाहमा गई सामूहिक नमाज पढ्छन्। नमाज पढिसकेपछि एकापसमा शुभकामना आदानप्रदान गर्ने चलन छ।

हिजरी संवत् अनुसार १४३९ वर्ष पहिले अल्लाहको आदेशमा इब्राहिमले आफ्ना छोरा इस्माएल अलेह सलामलाई बलिदान गर्न तयार भएको सम्झनामा यो पर्व मनाउन थालिएको हो।

मुस्लिम धर्म गुरु (मौलाना) रहमत अली ऐतिहासिक बकर इद पर्वको आधार बनेका इब्राहिमको वंशमा सन् ५७१ मा मक्कामा मोहम्मद सलल्ला जन्मिई निरन्तरता दिएको बताउनुहुन्छ। जसले यो पर्व एवं धर्मलाई पुस्तान्तर गर्न महत्वपूर्ण योगदान गर्दै हदिस नामक धर्मग्रन्थको रचना गरेका थिए।

उनले धेरै जनावर कुर्बानी गरे तर अल्लााह खुसी भएका थिएनन्। अन्तिममा आफ्ना सबैभन्दा प्यारा छोरालाई नै कुर्बानी गरी अल्लाहलाई राजी गर्न चाहेका थिए। यस घडीमा उनको परीक्षण सफल सावित भएपछि कुर्बानी गर्ने स्थानमा मानिसको होइन त्यही जन्नतमा पालिएर आएका दुम्बाको कुर्बान (बलि) भएको थियो। यो पर्व मनाउने तीनै दिन कुर्बानी गर्नुपर्ने मुस्लिम धर्मावलम्बीको विधि रहेको छ।



अनुरोधकर्ता
सखुवानन्कारकट्टी गाउँ कार्यपालिकाको कार्यालय, सिरहा

# विश्व समाचार

## भारतीय रेल दुर्घटनामा मृत्यु हुनेको संख्या आठ

कलकत्ता, ३ असार (रासस/एएफपी)।

भारतमा सोमबार एक मालबाहक रेलका चालकले सङ्केतलाई गलतरूपमा बुझ्दा 'एक्सप्रेस रेल' को पछाडिको भागमा ठोक्किएको र कम्तीमा आठ जनाको मृत्यु भएको प्रहरी र रेलवे अधिकारीले बताएका छन्। दार्जिलिङ जिल्लाको फाँसीदेवा इलाकामा 'कञ्चनजङ्घा एक्सप्रेस' रेललाई मालबाहक रेलले ठक्कर दिँदा दुर्घटना भएको हो।

यात्रुबाहक गाडीका तीनवटा पटरी रेल र रेलको लिकबाट छुट्टिई जमिनमा ढलेका छन्। भारतको पश्चिम बङ्गाल राज्यमा भएको यो घटना भारतको रेल नेटवर्कमा परेको पछिल्लो घटना हो। यहाँबाट हरेक दिन लाखौं यात्रुहरू ओहोरदोहोर गर्छन्। भारतीय रेलवे बोर्डका अध्यक्ष जया वर्मा सिन्हाले एक विज्ञप्ति जारी गर्दै करिब ५० जना घाइते भएको र उनीहरुलाई उपचारका लागि अस्पताल लगिएको जानकारी दिनुभएको छ। सिन्हाले भन्नुभयो, "एउटा मालबाहक रेलले सिग्नललाई बेवास्ता गरेर पछाडिबाट रेललाई ठक्कर दिएको प्रारम्भिक अध्ययनले देखाएको छ।"

मृत्यु हुनेमा चालक र सहचालक, रेलका गार्ड र पाँच जना यात्रु रहेको उहाँले पुष्टि गर्नुभयो। भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले सामाजिक सञ्जालमा एक पोस्ट गर्दै आफ्ना प्रियजन गुमाएकाप्रति समवेदना व्यक्त गर्नुभएको छ। पश्चिम बङ्गालकी मुख्यमन्त्री ममता बेनर्जीले दुर्घटनालाई 'दुःखद' बताउनुभएको छ। दुर्घटनाको केही क्षणपछि उहाँले 'एम्बुलेन्स र डिजास्टर टिम' घटनास्थलमा पुगेको र 'युद्धस्तरमा उद्धारको काम' गर्न आदेश दिएको बताउनुभएको थियो।

स्थानीय प्रहरी अधिकारी इफ्तिकार-उल-हसनले एएफपीसँग भन्नुभयो, "धेरै घाइतेलाई भग्नावशेषबाट बाहिर निकालिएको छ। अझै चार जना घाइतेको अवस्था गम्भीर रहेकोले मृतकको सङ्ख्या अझै बढ्न सक्छ।" दार्जिलिङका जिल्ला प्रहरी प्रमुख प्रवीण प्रकाशले उद्धार कार्य पूरा भएको र अहिले उद्धार टोलीले भग्नावशेष हटाउने काम गरिरहेको बताउनुभयो।

## श्रीलङ्काको अर्थतन्त्रमा सुधारको संकेत

कोलम्बो (श्रीलङ्का), ३ असार (रासस/एएफपी)।

श्रीलङ्काले सोमबार पहिलो त्रैमासिकमा कमजोर विदेशी मुद्रा सङ्कटबाट सुधार जारी राख्दै अर्थतन्त्र अपेक्षाभन्दा धेरै बलियो बनेको जनाएको छ। जनवरीदेखि मार्चसम्ममा ५.३ प्रतिशत विस्तारले अघिल्लो तीन महिनाको तुलनामा वृद्धि देखिएको छ। गत वर्षको सोही अवधिमा अर्थतन्त्रमा १०.७ प्रतिशत सङ्कुचन थियो। ब्लुमबर्ग न्यूजको सर्वेक्षणमा ४.० प्रतिशतको पूर्वानुमान रहेको तर पहिलो त्रैमासिकको सुधारले अनुमान गरिएभन्दा बढी (५.३ प्रतिशत) सुधार देखिएको हो।

उप-अर्थमन्त्री रञ्जित सियाम्बलापितियाले सरकारले सन् २०२४ मा समग्र वार्षिक वृद्धि २.२ प्रतिशत हुने अपेक्षा गरेको बताउनुभयो। सबैभन्दा खराब आर्थिक सङ्कटको सामना गरेको दुई वर्षपछि सकारात्मक वृद्धि हासिल गर्न सफल हनु उल्लेखनीय भएको उहाँले बताउनुभयो। आधिकारिक तथ्याङ्कले सन् २०२३ को जनवरीदेखि मार्चसम्ममा २४.३ प्रतिशत सङ्कुचनको तुलनामा पहिलो त्रैमासिकमा ११.८ प्रतिशतको विस्तारका साथ औद्योगिक क्षेत्रमा तीव्र सुधार देखिएको छ। सेप्टेम्बर २०२२ मा मुद्रास्फीति ७० प्रतिशतको शिखरबाट मेमा ०.९ प्रतिशतमा झरेको कारण निर्माण क्षेत्रमा पनि सुधार देखिएको छ।

गत हप्ता अन्तर्राष्ट्रिय मुद्रा कोषले श्रीलङ्कालाई चार वर्षको २.९ अर्ब डलर कर्जा सहयोगको एक भागका रूपमा तीन करोड ३६ लाख अमेरिकी डलर प्राप्त गरेको थियो। श्रीलङ्का सन् २०२२ अप्रिलमा ४६ अर्ब डलरको विदेशी ऋण तिर्न नसक्दा आर्थिक सङ्कटमा परेको थियो। सन् २०२२ मा आर्थिक सङ्कटको चरम अवस्थामा आयातका लागि विदेशी मुद्रा समाप्त भएपछि श्रीलङ्कामा महिनौंसम्म खाद्यान्न, इन्धन र औषधिको अभाव देखिएको थियो। यसैको परिणामस्वरूप सुरु भएको नागरिक आन्दोलनले तत्कालीन राष्ट्रपति गोताबाया राजापाक्षको निवासमा आक्रमण गरेको र आन्दोलनले उहाँलाई पदबाट हट्न बाध्य बनाएको थियो। उहाँका उत्तराधिकारी रनिल विक्रमसिङ्घेले आर्थिक सङ्कटलाई व्यवस्थापन गर्न उदार ऊर्जा अनुदान फिर्ता लिनुभएको थियो भने करलाई दोब्बर बनाई राज्यको राजस्व बढाउन वस्तुहरूको मूल्य बढाउनुभएको थियो।

## हिरासतमा राखिएका कैदी बालबालिका र नागरिकलाई युक्रेनमा फिर्ता गर्नुपर्छ : जेलेन्स्की

बर्न, स्विट्जरल्यान्ड, ३ असार (रासस/एएनआई)।

स्विट्जरल्यान्डमा शान्ति शिखर सम्मेलनको समापनपछि युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले गैरकानुनी रूपमा विस्थापित तथा हिरासतमा रहेका बालबालिका र सबै युद्धबन्दीलाई युक्रेनमा फिर्ता गर्नुपर्ने बताउनुभएको छ। युक्रेनमा युद्धको अन्त्य गर्ने मार्ग निर्माण गर्न समर्पित स्विजरल्याण्डमा दुईदिने शिखर सम्मेलनमा सहभागी ८० भन्दा बढी अन्य देशहरू र अन्तर्राष्ट्रिय संस्थाहरू सहमत भए पनि केही तर प्रमुख शक्ति राष्ट्रहरूले संयुक्त विज्ञप्ति जारी गर्न अस्वीकार गरेका थिए। युद्धबन्दीको आदानप्रदानद्वारा सबैलाई रिहा गरिनुपर्ने, निर्वासित र गैरकानुनी रूपमा विस्थापित युक्रेनी बालबालिका र हिरासतमा राखिएका सबै युक्रेनी नागरिकलाई युक्रेनमा फिर्ता गर्नुपर्ने सम्मेलनपछि पत्रकारसँगको कुराकानीमा उहाँले बताउनुभयो।

आणविक सुविधाहरू सुरक्षित गरिनुपर्ने र जापोरिज्झयालगायतका आणविक संयन्त्रहरू युक्रेनको नियन्त्रणमा हुनुपर्ने पनि उहाँले बताउनुभयो। युक्रेनले ब्ल्याक र अजोभ सीमा व्यापारिक जहाज र नागरिक बन्दरगाह पूर्वाधारमा भएका आक्रमणलाई 'अस्वीकार्य' भन्दै निन्दा गरेको छ। उनले खाद्य सुरक्षालाई युद्धमा हतियारका रूपमा प्रयोग नगर्न पनि जोड दिनुभयो। भारत, साउदी अरब, दक्षिण अफ्रिका र संयुक्त अरब इमिरेट्सलगायत ब्रिक्स आर्थिक समूहका सदस्यका रूपमा रुससँग व्यापारिक सम्बन्ध भएकाहरु बैठकमा सहभागी भए पनि संयुक्त वक्तव्यमा हस्ताक्षर गर्न सहमत भएनन्। जुन १५ र १६ मा सञ्चालित शान्ति शिखर सम्मेलनमा रूसलाई युक्रेनसँगको युद्ध अन्त्य गर्न दबाब दिन ९२ देश र सङ्गठनका प्रतिनिधि भेला भएका थिएभने रूसलाई निमन्त्रणा गरिएको थिएन। चीन शिखर सम्मेलनबाट बाहिरिएको थियो।

# आवश्यक लगानी गरे १ र २१ रनले चुकेको नेपाल भविष्यमा रच्ने छ इतिहास

**एम.के.माझी**

इतिहास रच्नबाट २ पटक नजिक पुगेर पनि नेपाली क्रिकेट टोली असफल हुँदा यसको पीडाको अनुभव नेपाली क्रिकेटर संगै समर्थक सबैले गरिरहेका छन् ।

बलिङ्गमा उत्कृष्ट प्रर्दशनलाई निरन्तरता दिएको आइसीसी टि-२० विश्वकप क्रिकेट प्रतियोगितामा सोमवार नेपाली व्याट्सम्यानहरु मध्ये अधिकाँशको कमजोर प्रर्दशनले बंगलादेशसंग २१ रनले हार बेहर्नू पर्दा नेपाली क्रिकेटर संगै आम नेपालीको मन दु:खेको हो ।

यस अघि सुपर आठमा पुग्न दक्षिण अफ्रिका संग जित्नै पर्ने खेलमा नेपाल टी-२० विश्वकपमा अहिले सम्म कै स्तब्धकारी नतिजा निकाल्न बाट १ रनले मात्र चुकेको थियो । उक्त खेलमा नेपाललाई जित्न २ बलमा २ रन मात्र आवश्यक थियो । तर नेपाली ब्याट्सम्यानले आईसीसीको पुर्णकालिन सदस्य राष्ट्र विरुद्ध पहिलो पटक जितेको इतिहास बनाउन सकेन । र उत्कृष्ट बलिङ्गका बावजुद नेपाली क्रिकेट टोली वर्षाले रद्ध श्रीलंका संगको खेलबाट १ अंक जोडदै विश्वकपबाट बाहिरीएको छ ।

समुह चरणको अन्तिम खेलमा सोमवार उत्कृष्ट बलिङ्ग गर्दै बंगलादेशलाई १ सय ६ रन मै रोक्ने नेपाली टोली ब्याटिङ्ग तर्फ चम्कन नसक्दा हार संगै नेपाल २०२६ को टि-२० विश्वकपमा सोझै खेल्ने अवसर समेत गुमाएको छ । यसले नेपाली क्रिकेट टोलीका खेलाडी संगै जिम्मेवार अधिकारी, समर्थक र खेलप्रेमी सबैलाई पिडा संगै चिन्तीत बनाएको छ ।

सामान्य स्कोरमा विपक्षी टिमलाई ध्वस्त बनाउने तर सामान्य लक्ष्य भने पुरा गर्न न सक्ने नेपाली क्रिकेट टोलीको प्रमुख कमजोरी देखिएको छ । त्यसैले भविष्यमा नेपाली ब्याट्सम्यानलाई आफ्नो प्रर्दशनमा सुधार र ब्याटिङ्ग पक्षमा अझ मिहिनेत गर्नु पर्ने आवश्यक्ता देखिएको छ । अर्को तर्फ सिमित साधन, श्रोत र सुविधाका बावजुद विश्वकप क्रिकेट प्रतियोगितामा नेपाली पुरुष क्रिकेट टोलीले जे जस्तो खेल प्रस्तुत गरेको छ । त्यो भने आत्मविश्वास बढाउने र गर्व गर्ने लायक छ । यसले नेपाली क्रिकेटमा आत्मविश्वास पुर्वक लगानी गर्ने वातावरण पनि बनाएको मान्न सकिन्छ । यस्तै कुनै पनि खेलको वास्तविक विकास लागी चाहिने सबै भन्दा प्रमुख र मुलभुत आवश्यक्ता भनेको भौतिक पुर्वाधार नै हो ।

यसको अभावमा खेलको समग्र विकासको कल्पनै गर्न सकिन्न । हामी भौतिक पूर्वाधारमा धेरै पछाडी रहेको कारण पनि विश्वकप क्रिकेटमा पछाडी परेको अनुभव धेरैले गरेका छन् । त्यसैले यो कमि पुरा गर्न सरकार र क्यानले क्रिकेट रंगशाला निर्माण र बृहत योजना सहित घरेलु क्रिकेटको ठोस संरचना अगाडी ल्याउन गम्भिरतका साथ लाग्नु पर्ने देखिएको छ ।

नेपाली क्रिकेटलाई चाहिएको हौसला प्रदान गर्न भावी दिनमा सवल भौतिक पुर्वाधार, नियमित व्यस्त रहने घरेलु र अन्तराष्ट्रिय प्रतियोगिता, क्यानको चूस्त संचालनको संयोजन लगायतका कार्य आवश्यक भएको छ ।

तर्सथ देशको प्रतिष्ठा राख्न सक्षम बन्दै गएको नेपाली क्रिकेटलाई दिगो उपलब्धी दिलाउन सरकारले यस खेलमा लगानी बृद्धि गर्नू आवश्यक भएको छ । लेखक नेपाल खेलकुद पत्रकार मञ्च सप्तरीका अध्यक्ष हुन ।

# राष्ट्रिय परिचयपत्र सेवा प्रवाह सहजीकरणका लागिगृहले पठायो १८ जिल्लामा उपसचिव

काठमाडौँ, ३ असार (रासस) ।

राष्ट्रिय परिचयपत्र सेवा प्रवाहमा सहजीकरण गर्नका लागि गृह मन्त्रालयले पाँच जना उपसचिवहरूको टोलीलाई देशका विभिन्न १८ जिल्लामा खटाउने निर्णय गरेको छ ।

मन्त्रालयमा हालै सरुवा भई आएसँगै पदस्थापनका क्रममा रहेका उपसचिवहरूलाई मन्त्रालयले राष्ट्रिय परिचपत्रलगायतका सेवा प्रवाहमा सहजीकरण गर्नका लागि भन्दै उहाँहरूलाई देशका विभिन्न १८ जिल्लामा खटाएको मन्त्रालयका प्रवक्ता एवं सहसचिव नारायणप्रसाद भट्टराईले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, “सहजीकरणका लागि उपसचिव ओमप्रसाद भट्टराईलाई सप्तरी, सिराहा, धनुषा, महोत्तरी, उपसचिव चोमेन्द्र न्यौपानेलाई सिन्धुली, मकवानपुर, चितवन, उपसचिव परमानन्द घिमिरेलाई रुपन्देही, कपिलवस्तु, दाङ, उपसचिव उमाकान्त अधिकारीलाई बाँके, बर्दिया, कैलाली, कञ्चनपुर र उपसचिव टिकाराम ढकाललाई बारा, पर्सा, रौतहट र सर्लाही जिल्लामा खटाइएको छ ।”

गृहसचिव एकनारायण अर्यालको सचिवस्तरीय निर्णयबाट उहाँहरूलाई जिल्लामा खटाइएको हो । सम्बन्धित जिल्लाहरूमा खटिएका उपसचिवहरूले आफू खटिएको जिल्लाको कार्यालयबाट प्रवाह हुने सेवामा आवश्यक सहजीकरण गर्नुपर्ने भएको प्रवक्ता एवं सहसचिव भट्टराईले बताउनुभयो ।

“सामाजिक सुरक्षा भत्ता लिँदा समेत राष्ट्रिय परिचयपत्र आवश्यक पर्ने भएपछि अहिले जिल्लामा सेवाग्राहीको भीड बढेको छ”, उहाँले भन्नुभयो, “उहाँहरूले राष्ट्रिय परिचयपत्रको सेवाप्रभावमा सहजीकरण गर्नुहुनेछ ।”

जिल्ला प्रशासन कार्यालयहरूले प्रदान गर्दै आएका सार्वजनिक सेवा नागरिकता, राष्ट्रिय परिचयपत्र, राहदानीका लागि सिफारिस, मुद्दा दर्ता र फछ्र्यौटलगायतका प्रशासनिक कामहरू सम्पादन गर्ने क्रममा जिल्ला प्रशासन कार्यालयहरूमा सेवाग्राहीको अत्यधिक भिडभाड हुन गई समग्र कार्यालयको काम कारवाही व्यवस्थापन गर्न समस्या परिरहेको भन्ने गुनासोहरू आएपछि उपसचिवहरूलाई सहजीकरणका लागि जिल्लामा खटाइएको गृहसचिव एकनारायण अर्यालले बताउनुभयो ।

उहाँले भन्नुभयो, “यसले जिल्लामा पनि केही सहज हुन्छ, त्यहाँका वस्तुस्थितीबारे मन्त्रालयमा समेत विवरण आउँछ, सेवाग्राहीसहित कर्मचारीका लागि पनि यो राम्रो अवसर हुनेछ ।”

***राष्ट्रिय महाधिवेशनले ...***

भइसकेको दाबीसमेत गरे ।

हिमाल पहाड र मधेसको एक्यबद्धताले जनता समाजवादी पार्टीको बेगलाई अब कसैले रोक्न नसक्ने पुष्टि भइसकेको उनको भनाइ थियो ।

जिल्ला अध्यक्ष पशुपति यादवको अध्यक्षतामा भएको उक्त कार्यक्रममा प्रदेश अध्यक्ष बालकिशोर यादव, नेता हरिनारायण यादव, डा सुरेन्द्र यादव, लालकिशोर साह, स्थानीय आयोजन समितिका संयोजकहरूको उपस्थिति रहेको थियो ।

डढेलो नियन्त्रण गरौं, वातावरण जोगाऔं ।

डढेलोले,
➤वनमात्र नभई जैविक विविधता र सम्पदा पनि नष्ट गर्दछ,
➤वातावरणीय प्रदूषण बढाउँछ,
➤भू-क्षय बढाउँछ,
➤पानीको मूल सुकाउँछ,

त्यसैले,
वन पैदावारको संकलन तथा खेती किसानीमा आगोको प्रयोग गर्दा सावधानी अपनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



अनुरोधकर्ता
अग्निसाइर कृष्णासवरण गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी



अनुरोधकर्ता
राजगढ गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*